# ক্ষুদ্র ঋণ

पवित्र शास्त्र ट्रिनिटेरियन बाइबल सोसाइटी,
संस्करण® बाट लिइएको।K J V सँग मिलान गर्दै प्राप्त
पाठबाट अनुवादित ६th संस्करण २०१८
अनुमतिसहित प्रयोग गरिएको। सम्पूर्ण अधिकार
सुरक्षित।

## बाइबलका शब्दहरू,
## पवित्र शास्त्रहरू,
## परमेश्वरको वचन।

Edition 2025
© by GBV
printed in Germany

**GBV Dillenburg GmbH**
Eiershäuser Straße 54
35713 Eschenburg
GERMANY
www.gbv-dillenburg.de
www.gbv-online.org

**शुरुमा वचन हुनुहुन्थ्यो, अनि वचन परमेश्वरसँग हुनुहुन्थ्यो, र वचन परमेश्वर हुनुहुन्थ्यो।**

(यूहन्ना १:१)

**उहाँमा जीवन थियो, अनि त्यो जीवन मानिसहरूको ज्योति थियो।**

(यूहन्ना १:४)

येशूले भन्नुभयो संसारको
ज्योति म नै हुँ;
जसले मलाई पछ्याउँछ,
ऊ अन्धकारमा हिँड्नेछैन,
तर उसले जीवनको ज्योति
पाउनेछ।

(यूहन्ना ८:१२)



"बाटो, सत्य र जीवन
म नै हुँ;
मद्वारा बाहेक कोही
पनि पिताकहाँ
आउँदैन।"

(यूहन्ना १४:६)

येशू उभिनुभयो र यसो भन्दै
कराउनुभयो:
“कोही तिर्खाउँछ भने ऊ मकहाँ
आओस् र पिओस्!
जसले ममाथि विश्वास गर्छ,
पवित्रशास्त्रले भनेअनुसार,
उसको हृदयबाट जिउँदो
पानीका नदीहरू बहनेछन्!”

(यूहन्ना ७:३७-३८)



हे सबै परिश्रम गर्ने र भारीले
दबिएकाहरूहो, मकहाँ आओ,
अनि म तिमीहरूलाई
विश्रामदिनेछु।

(मत्ती ११:२८)

किनकि मेरो जुवा सजिलो र
मेरो भारी हलुका छ।

(मत्ती ११:३०)

‘हे परमेश्‍वर, म पापीमाथि दया राख्‍नुहोस्!’

(लूका १८:१३)

किनकि पापको ज्याला मृत्यु हो; तर परमेश्‍वरको अनुग्रहको वरदानचाहिँ हाम्रा प्रभु येशू ख्रीष्‍टमा अनन्त जीवन हो।

(रोमी ६:२३)



येशूले जवाफ दिएर उनलाई भन्‍नुभयो: “साँचो-साँचो म तिमीलाई भन्दछु, कोही मानिस नयाँ गरी जन्मेन भने उसले परमेश्‍वरको राज्य देख्‍न सक्दैन।”

(यूहन्‍ना ३:३)

तिमीहरूले नयाँ गरी जन्मनैपर्छ भनी मैले तिमीलाई भनेकोमा तिमी अचम्म नमान!

(यूहन्‍ना ३:७)

तपाईंहरूका पापहरू मेटिनका लागि पश्चात्ताप गर्नुहोस् र फर्कनुहोस्; तब प्रभुको उपस्थितिबाट शीतल पार्ने समयहरू आउनेछन्।

(प्रेरित ३:१९)

हामीले आफ्ना पापहरू स्वीकार गर्‍यौं भने हामीलाई हाम्रा पापहरू क्षमा गर्न र हामीलाई सबै अधर्मबाट शुद्ध पार्नको निम्ति उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ।

(१यूहन्ना १:९)



तर जतिले उहाँलाई ग्रहण गरे, तिनीहरूलाई उहाँले परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो, अर्थात् तिनीहरूलाई, जसले उहाँको नाममा विश्वास गर्दछन्, जो न ता रगतबाट, न ता शरीरको इच्छाबाट, न ता मानिसको इच्छाबाट, तर परमेश्वरबाट जन्मेका हुन्।

(यूहन्ना १:१२-१३)

साँचो-साँचो म तिमीहरूलाई
भन्दछु, जसले मेरो वचन सुन्छ
र मलाई पठाउनुहुनेमाथि
विश्वास गर्छ,
ऊसँग अनन्त जीवन छ, र ऊ
न्यायमा पर्नेछैन,
तर ऊ मृत्युबाट जीवनमा
सरिसकेको हुन्छ।"

(यूहन्ना ५:२४)



किनभने परमेश्वरले संसारलाई
यस्तो प्रेम गर्नुभयो,
कि उहाँले आफ्नो एक मात्र
जन्माइएको पुत्रलाई दिनुभयो –
उहाँमाथि विश्वास गर्ने कोही
पनि नष्ट नहोस्, तर उसले
अनन्त जीवन पाओस्।

(यूहन्ना ३:१६)

तर ऊ ता हाम्रै अपराधहरूका
निम्ति घायल भएको थियो;
उसलाई हाम्रै अधर्महरूका
निम्ति चोटैचोट परेको थियो;
हाम्रै शान्तिका निम्ति ताड़ना
उसमाथि पऱ्यो, र उसका
कोर्राका चोटहरूद्वारा हामी
निको भयौं।

(यशैया ५३:५)



हेर, म ढोकामा उभिन्छु र
ढकढक्याउँछु; कसैले मेरो सोर
सुन्यो र ढोका खोल्यो भने म
उसकहाँ भित्र आउनेछु र ऊसँग
भोजन खानेछु, अनि उसले
मसँग खानेछ।

(प्रकाश ३:२०)

र विश्वासद्वारा ख्रीष्ट
तिमीहरूका हृदयहरूमा वास
गरून्, र प्रेममा जरा गाड़िएका
र जग बसालिएका हुँदै

(एफेसी ३:१७)

किनभने मानिसका पुत्र
हराएकोलाई खोज्न र मुक्त गर्न
आएका हुन्।"
(लूका १९:१०)

अनि जो मकहाँ आउँछ, उसलाई
म कुनै रीतिले बाहिर
फाल्नेछैनँ।
(यूहन्ना ६:३७)

'आओ, किनकि अब सबै
कुराहरू तयार भएका छन्।'
(लूका १४:१७)



मुक्ति पाउनलाई मैले के
गर्नुपर्छ? प्रभु येशू ख्रीष्टमाथि
विश्वास गर्नुहोस्, र तपाईंले
मुक्ति पाउनुहुनेछ
(प्रेरित १६:३०-३१)

उहाँको नामद्वारा जो कोही
उहाँमाथि विश्वास गर्छ, त्यसले
पापहरूको क्षमा पाउँछ।
(प्रेरित १०:४३)

हाम्रो प्रभु येशू...जो हाम्रो
अपराधहरूको कारण
सुम्पिनुभयो,र हाम्रो
धार्मिकताको लागि जीवित
गरिनुभयो।

(रोमी ४:२४-२५)

यसकारण अब ख्रीष्ट येशूमा
हुनेहरूलाई कुनै दण्डको आज्ञा
छैन, जो शरीरअनुसार होइन,
तर आत्माअनुसार हिँड्दछन्।

(रोमी ८:१)



मैले तिमीहरूलाई अर्थात्
परमेश्वरको पुत्रको
नाममाथि विश्वास
गर्नेहरूलाई यी कुराहरू
लेखेको छु – तिमीहरूसित
अनन्त जीवन छ भन्ने कुरा
तिमीहरूलाई थाह होस्, र
परमेश्वरको पुत्रको नाममा
तिमीहरूले विश्वास गर।

(१यूहन्ना ५:१३)

तिमीहरूका नामहरू स्वर्गमा
लेखिएका छन् भन्ने कुरामा
आनन्द गर!

(लूका १०:२०)

यसकारण विश्वासद्वारा धर्मी
ठहरिएका हुनाले हाम्रा प्रभु येशू
ख्रीष्टद्वारा परमेश्वरसँग हाम्रो
मेलमिलाप भएको छ।

(रोमी ५:१)



किनकि तिमीहरूले
विश्वासद्वारा अनुग्रहले मुक्ति
पाएका छौ; अनि यो तिमीहरू
आफैंबाटको होइन, यो
परमेश्वरको दान
हो;कामहरूबाट होइन, नत्र ता
कसैले घमण्ड गर्नेछ।

(एफेसी २:८-९)

परमेश्वरलाई उहाँको बयान
गरेर नसकिने दानका निम्ति
धन्यवाद होस्!

(२कोरि. ९:१५)

तर जसरी उहाँ ज्योतिमा
हुनुहुन्छ, उसरी नै हामी
ज्योतिमा हिँड्छौं भने
एक-अर्कासँग हाम्रो
सङ्गति हुन्छ र उहाँको
पुत्र येशू ख्रीष्टको रगतले
हामीलाई सब पापबाट
शुद्ध पार्छ।

(१यूहन्ना १:७)



मेरा भेड़ाहरूले मेरो सोर
सुन्छन्, अनि म तिनीहरूलाई
चिन्छु, र तिनीहरूले मलाई
पछ्याउँछन्;
अनि म तिनीहरूलाई अनन्त
जीवन दिन्छु, र तिनीहरू
कहिल्यै नष्ट हुनेछैनन्; न ता
कसैले तिनीहरूलाई मेरो
हातबाट खोसेर लैजान्छ।

(यूहन्ना १०:२७-२८)

किनकि ख्रीष्टले हाम्रा लागि
एउटा नमुना छोड्दै ख्रीष्टले
हाम्रा निम्ति दुःख भोग्नुभयो।

(१पत्रुस २:२१)

अनि हेर, म सधैँभरि, अँ,
संसारको अन्तसम्म नै
तिमीहरूको साथमा छु।

(मत्ती २८:२०)



त्यसरी नै तिमीहरूको ज्योति
मानिसहरूको सामु चम्कोस्, र
तिनीहरूले तिमीहरूका असल
कामहरू देखून् र स्वर्गमा
हुनुहुने तिमीहरूका पिताको
महिमा गरून्।

(मत्ती ५:१६)

किनकि जो मानिस मसँग र
मेरा वचनहरूसँग लजाउनेछ,
मानिसका पुत्र पनि आफ्नो,
अनि पिताको र पवित्र
दूतहरूको महिमामा आउँदा
त्योसँग लजाउनेछन्।

(लूका ९:२६)



घाँस सुकिजान्छ, फूल
ओइलिन्छ; तर हाम्रा
परमेश्वरको वचन सदा-सर्वदा
रहिरहन्छ।

(यशैया ४०:८)

स्वर्ग र पृथ्वी बितिजानेछन्, तर
मेरा वचनहरू कुनै रीतिले
बित्नेछैनन्।

(लूका २१:३३)

कुनै कुराका निम्ति फिक्री नगर, तर हरेक कुरामा प्रार्थना र विन्तीद्वारा तिमीहरूका मागहरू धन्यवादसाथ परमेश्वरकहाँ जाहेर गरिऊन्, र सारा समझलाई माथ गर्ने परमेश्वरको शान्तिले तिमीहरूका हृदयहरू र विचारहरू ख्रीष्ट येशूमा रक्षा गर्नेछ।

(फिलिप्पी. ४:६-७)



आँ, अनन्त प्रेमले मैले तँलाई प्रेम गरेको छु; यसैकारण करुणाले मैले तँलाई खिचेको छु।

(यर्मिया ३१:३)

नडराऊ; किनकि म तिम्रो साथमा छु;

(यशैया ४१:१०)

म तिमीहरूका निम्ति ठाउँ
तयार पार्न जान्छु।
अनि गएर मैले तिमीहरूका
निम्ति ठाउँ तयार पारें भने म
फेरि आउनेछु; अनि म जहाँ छु,
त्यहाँ तिमीहरू पनि होओ भनेर
म तिमीहरूलाई आफूकहाँ
लिनेछु।

(यूहन्ना १४:२-३)



किनकि प्रभु आफैं चीत्कारसित,
प्रधान स्वर्गदूतको आवाज र
परमेश्वरको तुरहीको साथमा
स्वर्गबाट ओर्लनुहुनेछ;
अनि ख्रीष्टमा मरेकाहरू पहिले
बौरेर उठ्नेछन्,
त्यसपछि हामी जीवित र
रहिरहेकाहरू प्रभुलाई हावामा
भेट्का निम्ति उनीहरूसित
एकसाथ बादलहरूमा
उठाइनेछौं; अनि यसरी हामी सधैं
प्रभुको साथमा रहनेछौं।

(१थेस्सलोनिकी ४:१६-१७)

अनि मैले एउटा नयाँ आकाश र
एउटा नयाँ पृथ्वी देखें;

(प्रकाश २१:१)

अनि परमेश्वरले उनीहरूका
आँखाहरूबाट सबै आँसुहरू
पुछिदिनुहुनेछ; अनि मृत्यु
कहिल्यै हुनेछैन, न ता शोक, न
रुवाइ, न पीड़ा नै कहिल्यै
हुनेछ; किनकि पहिलेका
कुराहरू बितिसकेका छन्।”

(प्रकाश २१:४)



“अनि हेर, म चाँड़ै आउँछु;

(प्रकाश २२:१२)

“आओ!” अनि जो तिर्खाउँछ,
ऊ आओस्! अनि जसले चाहन्छ,
उसले सित्तैंमा जीवनको
पानी लेओस्!

(प्रकाश २२:१७)

आमेन! ज्यू, आउनुहोस्,
हे प्रभु येशू!

(प्रकाश २२:२०)

बाइबल पढ्नुहोस्, यो परमेश्वरको वचन हो।परमेश्वरको आवाज सुन्नुहोस्।महान जीवित परमेश्वर तपाईको बारेमा चासो राख्नुहुन्छ।उहाँले तपाईलाई आफ्नो माया थाहा पाउन चाहनुहुन्छ।उहाँको वचनमा, उहाँले तपाईलाई साँचो विश्राम, वास्तविक खुशी र शान्तिको मार्ग देखाउनुहुन्छ।

यदि तपाईसंग  बाइबल छैन भने, हामी तपाईलाई निःशुल्क नयाँ नियम  (बाइबलको दोस्रो भाग) पठाउन चाहन्छौं।

यदि तपाईसंग  कुनै प्रश्न छ भने, हामी खुशीसाथ प्रश्नहरुको उत्तर दिनको लागि तयार छौं।

Pure Gold

GBV 137 4120 Nepali